नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय, बागलुङ

## व्यवसायीका लागि उपयोगी कर सम्बन्धी आधारभुत जानकारी

### आयकरमा दर्ता हुनुहुने करदाताले पालना गर्नुपर्ने कानुनी व्यवस्था

१. आयकर दर्ता प्रमाणपत्र (व्यावसायिक स्थायी लेखा नं प्रमाणपत्र/ Business PAN) कारोबार स्थलमा सबैले देख्ने ठाउँमा राख्नुपर्दछ। एकभन्दा बढी कारोबार स्थल भएमा सबै कारोबार स्थलमा राख्नुपर्दछ।

२. प्रत्येक आय वर्ष (आर्थिक वर्ष) समाप्त भएको तीन महिनाभित्र आय विवरण बुझाउनुपर्दछ र कर दाखिला गर्नुपर्दछ ।उक्त समयावधिभित्र बुझाउन नसकिएमा पुस मसान्तसम्म म्याद थप गर्न सकिन्छ।

३. कारोबारका आधारमा कर तिर्ने व्यक्तिले दुई किस्तामा कर दाखिला गर्नुपर्दछ ।

| दाखिला गर्नुपर्ने मिति | दाखिला गर्नुपर्ने रकम |
|---|---|
| **पुस महिनाको अन्त्यसम्म** | पुस महिनाको २० गते सम्मको कारोबारमा तोकिएको दर अनुसार लाग्ने कर |
| **असार महिनाको अन्त्यसम्म** | असार २० गते सम्मको यथार्थ कारोबारको आधारमा असार महिनाको अन्त्यसम्म हुने कारोबार अनुमान गरी तोकिएको दर अनुसार लाग्ने करको गणना गरी त्यस्तो कर रकमबाट पुस मसान्त भित्र दाखिला गरेको कर घटाई हुन आउने कर |

४. कुनै आय वर्षमा निर्धारणयोग्य आय भएको वा हुने व्यक्तिले देहाय बमोजिम तीन किस्तामा कर दाखिला गर्नुपर्दछ ।

| दाखिला गर्नुपर्ने मिति | दाखिला गर्नुपर्ने रकम |
|---|---|
| **पुस महिनाको अन्त्यसम्म** | अनुमानित करको ४०% रकममध्ये तिर्न बाँकी कर रकम |
| **चैत्र महिनाको अन्त्यसम्म** | अनुमानित करको ७०% करमध्ये तिर्न बाँकी कर रकम |
| **असार महिनाको अन्त्यसम्म** | अनुमानित करको शतप्रतिशत करमध्ये तिर्न बाँकी कर रकम |

५. समग्र किस्ता वापत रु ७,५०० भन्दा कम बुझाउनु पर्ने व्यक्तिले किस्तामा कर दाखिला गर्नुपर्नेछैन।

६. वार्षिक कारोबार रकम तिस लाख रुपैयाँ र करयोग्य आय तीन लाख रुपैयाँ सम्म भएको व्यक्तिले आय विवरणका साथमा कुनै थप विवरण वा कागजात पेस गर्नुपर्दैन। तर आफुले पेस गरेको आय विवरणमा उल्लिखित कारोबार र खर्चलाई पुष्टि गर्ने प्रमाण तथा कागजात आफुसँग सूरक्षित राख्नुपर्दछ।यस्तो आयविवरणलाई D-01 (डे-०१) आयविवरण भनिन्छ ।

७. वार्षिक कारोबार ३० लाख भन्दा बढी र एक करोड भन्दा कम एवं बार्षिक करयोग्य आय दश लाख रुपैयाँ भन्दा कम भएका व्यक्तिगत /एकल स्वामित्वको फर्मले डे -०२ (D-02) आयविवरण बुझाउनुपर्दछ।

८. प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा चालीस लाख रुपैयाँ भन्दा बढी आय भएमा डे-०४ आय विवरण भर्नुपर्दछ।

९. यस बाहेकका सबै व्यक्ति, निकायले D-03 (डे-०३) आय विवरण बुझाउनुपर्छ। रोजगारी र व्यवसाय दुवैको आय हुने व्यक्तिले पनि D-03 (डे-०३) आय विवरण बुझाउनुपर्छ।

१०. दर्ता र दर्ता खारेजीको आवेदन, आय विवरण र कर विवरण दाखिला, कर भुक्तानी लगायतका काम घरमै बसी बसी अनलाइन माध्यममा करदाता पोर्टल (Taxpayer Portal) बाट गर्न सकिन्छ। रोजगारीको मात्र आय भएको व्यक्ति तथा डे-०१ र डे-०२ आयविवरण दाखिला गर्ने व्यक्तिको करचुक्ता प्रमाणपत्र पनि घरमै बसी बसी करदाता पोर्टलबाट स्वचालित रूपमा प्राप्त गर्न सकिन्छ।

११. आयकरको दर्ता खारेजी गर्न प्रारम्भिक दर्ता गर्ने निकायबाट दर्ता/व्यवसाय/कारोबार बन्द भएको सिफारिस पत्र/प्रमाण लिएर निवेदन दिनुपर्दछ। दर्ता बन्द वा खारेजी गर्नुपूर्व खारेजी गर्ने आय वर्ष सम्मको आय विवरण पेस गरी सबै बाँकी बक्यौता कर दाखिला गर्नुपर्दछ।

१२. विवरण ढिला दाखिला गरेमा शुल्क लाग्छ। कर ढिला दाखिला गरेमा ब्याज लाग्छ । आयकर ऐनका प्रावधान पालन नगर्दा शुल्क लाग्दछ। त्यसैले सबै करदाताले आयकर ऐन र कर सम्बन्धी अन्य कानुनी व्यवस्था बुझेर सोही अनुरूप गर्नुहोस् ।

१३. मूल्य अभिवृद्धि कर (VAT) लाग्ने वस्तु तथा सेवाको कारोबार गर्ने व्यक्तिको वार्षिक कारोबार देहायको सीमाभन्दा बढी हुने अवस्थामा मूल्य अभिवृद्धि कर (Value Added Tax) मा दर्ता गर्नुपर्दछ।

| कारोबारको प्रकृति | दर्ता हुनु पर्ने अवस्था |
|---|---|
| **मू.अ. कर लाग्ने वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा** | वार्षिक कारोबार रु. पचास लाख भन्दा बढी हुने भएमा |
| **मू.अ कर लाग्ने सेवाको हकमा** | वार्षिक कारोबार रु. तीस लाख भन्दा बढी हुने भएमा |
| **मू.अ. कर लाग्ने वस्तु तथा सेवाको मिश्रित कारोबारको हकमा** | वार्षिक कारोबार रु. तीस लाख भन्दा बढी हुने भएमा |

मूल्य अभिवृद्धि कर छुट हुने वस्तु तथा सेवाको सूची मूल्य अभिवृद्धि कर ऐन, २०५८ को अनुसूची १ मा रहेको छ।

### मूल्य अभिवृद्धि कर (Value Added Tax) मा दर्ता हुने करदाताले पालन गर्नुपर्ने कानुनी व्यवस्थाहरू

१. दर्ताको प्रमाणपत्र आफ्नो कारोबार सञ्चालन गर्ने प्रमुख स्थानमा सबैले देख्ने गरी राख्नुपर्छ। कारोबारको स्थान एक भन्दा बढी भएमा प्रमुख स्थान बाहेक अन्य स्थानमा समेत दर्ता प्रमाणपत्रको प्रतिलिपि सबैले देख्ने गरी राख्नुपर्छ।

२. दर्ता गर्ने समयमा कार्यालयमा पेस गरेको दरखास्त फाराम तथा सो का साथमा पेस भएका अनुसूचीहरूमा उल्लेख भएका सूचना, वा फोन नम्बर,फ्याक्स नम्बर वा ईमेल आदिमा कुनै परिवर्तन भएमा १५ दिनभित्र आन्तरिक राजस्व कार्यालयमा जानकारी दिनुपर्दछ।

३. कारोबारको स्थान, कारोबारको प्रकृति वा उद्देश्य परिवर्तन हुने भएमा १५ दिन अगावै सो कुराको जानकारी कार्यालयमा गराउनुपर्छ।

४. दर्ता भएको व्यक्तिले आफ्नो दर्ता नम्बर अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, भन्सार लगायत सबै कारोबारमा प्रयोग गरिने कागजातहरूमा प्रयोग गर्नुपर्दछ।

५. दर्ता भएको व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटेल, रेष्टुरेन्ट, बार, कारोबारस्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राइस, मेनु प्राइस र सेल्फ प्राइस) मा कर सहितको मूल्य उल्लेख गर्नुपर्दछ।

६. वस्तु वा सेवा बिक्री गर्दा कर बीजक जारी गर्नुपर्दछ। प्रत्येक कर बीजक न्यूनतम तीन प्रतिको हुनुपर्दछ। पहिलो प्रति खरिदकर्तालाई उपलब्ध गराउने, दोस्रो प्रति कर प्रशासनले मागेको बखत उपलब्ध गराउने गरी अभिलेखमा राख्ने र तेस्रो प्रति कारोबारको लेखाङ्कनमा प्रयोग गर्नुपर्दछ।

७. कार्यालयसँग अनुमति लिएर विद्युतीय बीजक पनि जारी गर्न सकिन्छ। वार्षिक कारोबार रु. १० करोडभन्दा बढी हुने करदाताले अनिवार्य रूपमा कार्यालयसँग अनुमति लिएर विद्युतीय बीजक जारी गर्ने र आफ्नो प्रणालीलाई केन्द्रीय बीजक अनुगमन प्रणाली (CBMS) मा आबद्ध गर्नुपर्दछ।

८. खुद्रा बिक्री गर्ने व्यक्तिले राजस्व कार्यालयबाट स्वीकृति लिएर संक्षिप्त कर बीजक जारी गर्न सक्दछ। कर सहित रु. १०,००० सम्मको बिक्रीमा मात्र संक्षिप्त कर बीजक जारी गर्न सकिन्छ।

९. करदाताले अनिवार्य रूपमा राख्नुपर्ने अभिलेखहरू:

- व्यापार लेखा, नगद प्राप्ति र भुक्तानी सम्बन्धी अभिलेख
- आफूले जारी गरेका कर बीजक तथा संक्षिप्त कर बीजकहरू
- आफूले प्राप्त गरेका कर बीजक तथा संक्षिप्त कर बीजकहरू
- आफुले गरेका आयात र निर्यातसँग सम्बन्धित सम्पूर्ण कागजातहरू
- आफूले गरेका खरिद र बिक्री वस्तु तथा सेवाको मूल्यमा घटबढ भएको प्रमाणित गर्ने सम्पूर्ण डेबिट तथा क्रेडिट नोट र अन्य तत्सम्बन्धी कागजातहरू
- अनुसूची ८ बमोजिमको खरिद खाता र आन्तरिक राजस्व विभागले तोकेबमोजिमको बिक्री खाता
- उल्लिखित कागजातहरू ६ वर्षसम्म सुरक्षित राख्नुपर्दछ।

१०. करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिनभित्र करदाता पोर्टल (Taxpayer Portal) मार्फत कर विवरण र कर दाखिला गर्नुपर्दछ।

११. साना तथा मझौला उद्योग, छापा वा विद्युतीय प्रसारण गृह, होटल, पर्यटन तथा चलचित्र घर वा वार्षिक एक करोडभन्दा कम कारोबार गर्ने करदाताले आन्तरिक राजस्व कार्यालयको स्वीकृति लिई चौमासिक रूपमा विवरण र कर दाखिला गर्न सक्दछ।

## करपाटी सम्बन्धमा जानकारी

व्यवसाय गर्ने प्रत्येक व्यक्तिले कारोबार स्थलमा सबैले देख्ने गरी देहाय अनुसारको करपाटी राख्नुपर्दछ।

| प्रकार | करपाटीको रङ | नमुना |
|---|---|---|
| मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका करदाता | हरियो | कखग इन्टरप्राइजेज<br>स्थायी लेखा नं १२३४५६७८९ |
| मूल्य अभिवृद्धि कर (VAT) लाग्ने वस्तु तथा सेवाको कारोबार गर्ने तर VAT मा दर्ता हुन आवश्यक सीमाको कारोबार नभएकाका कारण दर्ता नभएका करदाता | पहेंलो | कखग इन्टरप्राइजेज<br>स्थायी लेखा नं १२३४५६७८९ |
| मूल्य अभिवृद्धि कर (VAT) छुट भएका वस्तु तथा सेवाको मात्र कारोबार गर्ने करदाता | सेतो | कखग इन्टरप्राइजेज<br>स्थायी लेखा नं १२३४५६७८९ |

करपाटीको लम्बाई ३० से.मि. र चौडाई १० से.मि. हुनुपर्दछ।

## अन्तःशुल्क सम्बन्धी आधारभुत जानकारी

१. अन्तःशुल्क ऐन, २०५८ को अनुसूचीमा उल्लेख भएका वस्तु तथा सेवा प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन, पैठारी र सेवा बिक्री गर्दा अन्तःशुल्क लाग्छ। अन्तःशुल्कको दर सोही अनुसूचीमा तोकिएको छ।

२. इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, निकासी, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्नुहुँदैन।

३. मदिरा र सुर्तीजन्य वस्तुको कारोबार गर्नुपूर्व अनिवार्य रूपमा ईजाजतपत्र लिनुपर्दछ।

४. आन्तरिक राजस्व कार्यालय भएको जिल्लामा यसै कार्यालयबाट र अन्य जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अन्तःशुल्क ईजाजतपत्र लिन सकिन्छ।

५. इजाजतपत्र कारोबारस्थलमा सबैले देख्ने गरी राख्नुपर्दछ।

६. आर्थिक वर्ष समाप्त भएपछि साउन महिनाभित्र इजाजतपत्र नवीकरण गर्नुपर्दछ।

७. अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोबार गर्न छोडेमा १५ दिनभित्र त्यसको कारण सहित ईजाजतपत्र स्थगन गर्नको लागि कार्यालयमा निवेदन दिनुपर्दछ।

*थप जानकारी र सूचनाका लागि आन्तरिक राजस्व विभागको वेबसाइटमा रहेको "बारम्बार सोधिने प्रश्नहरू" (Frequently asked questions"को अध्ययन गर्नुहोस् :- https://ird.gov.np/faq/*

*आफ्नो मोबाइलमा आजै डाउनलोड गरी इन्सटल गर्नुहोस्, मोबाइल एप्लिकेसन "IRD NEPAL"*

*आन्तरिक राजस्व विभागको वेबसाइट भ्रमण गर्नुहोस्  https://ird.gov.np/*

*करदाता पोर्टलको लिंक (URL) https://taxpayerportal.ird.gov.np/taxpayer/app.html*

**आन्तरिक राजस्व कार्यालय बागलुङ**
**सम्पर्क नं ०६८-५२०१२९; ईमेल ठेगाना iro-baglung@ird.gov.np**
**वेबसाइट https://ird.gov.np/office/inlandrevenueofficebaglung/**
**फेसबुक पेज https://www.facebook.com/irobaglung2083**